☎९८५४०६०१११

# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा

स्थापना २०७३

प.सं. योजना २०७५/०७६
च.नं.- ११३९

मिति :- २०७६/३/१

विषय:- विषयगत क्षेत्र छुट्टयाई योजना।कार्यक्रम पेश गर्ने बारे ।

श्री सवै वडा कार्यालयहरु(१-११)/
श्री सवै विषयगत शाखा (स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, महिला वालवालिका तथा जेष्ठ नागरिक)

उपयुर्क्त विषयमा यस मिथिला नगरपालिकाको आ.व. २०७६/०७७ को बजेट तथा कार्यक्रम तर्जुमा गर्नको लागि चौथो नगरसभामा तहाँबाट पेश हुने प्रस्तावित योजना । कार्यक्रम तथा बजेट यस पानाको पछाडी उल्लेखित विषयगत क्षेत्र छुट्टयाई पठाउन हुन अनुरोध छ ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:-**
श्री नगर प्रमुखज्यूको कार्यकक्ष/श्री उप-प्रमुखज्यूको कार्यकक्ष
श्री कार्यपालिका सदस्यज्यूहरु(३)
श्री सूचना प्रविधि शाखा : वेवसाईट/फेसबुक पेजमा अपलोड गर्नु हुन ।
मिथिला नगरपालिका ।

### ५.१.२ संघ र प्रदेशबाट वजेटको सीमा प्राप्त गर्ने

संघीय सरकारबाट राजश्व बाँडफाँड र वित्तीय समानीकरण अनुदान वापत स्थानीय तहलाई आगामी आर्थिक वर्षमा उपलव्ध हुने श्रोतको विवरण फागुन मसान्त भित्र तथा प्रदेश सरकारवाट स्थानीय तहको लागि आगामी आ.ब.मा प्राप्त हुने वित्तीय अनुदानको अनुमानित विवरण चैत्र मसान्त भित्र प्राप्त गर्ने ।

### ५.१.३ विषयगत क्षेत्र छुट्याउनेः-

गाऊँ वा नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई निम्न अनुसार विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ ।

(क)**आर्थिक विकासः** यस क्षेत्र अन्तर्गत कृषि , पर्यटन, उद्योग तथा वाणिज्य , सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने ।

(ख)**सामाजिक विकासः** शिक्षा , स्वास्थ्य, खानेपानी तथा सरसफाई , संस्कृति प्रबद्र्धन , लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला , बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम,थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।

(ग) **पूर्वाधार विकासः** सडक तथा पुल (झोलङ्गे पुल समेत) , सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लधु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

(घ) **वन, वातावरण तथा विपद् ब्यबस्थापनः** वन तथा भू–संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन , जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन , वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

(ङ) **सुशासन तथा संस्थागत विकासः** मानव संसाधन विकास , संस्थागत क्षमता विकास , राजस्व परिचालन , वित्तीय व्यवस्थापन , वित्तीय जोखिम न्यूनीकरण , सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण , बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा बिद्युतीय सूचना प्रविधिको प्रयोग , नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।